श्री
उच्च अदालत पाटन
संयुक्त इजलास
माननीय मुख्य न्यायाधीश श्री प्रकाश कुमार ढुङ्गाना
माननीय न्यायाधीश श्री प्रेमराज ढकाल

आदेश

स.फौ.पु.नं.:- ०७५-CB-००६५

मुद्दाः कम्पनी ऐन, २०६३ बमोजिम उपयुक्त आदेश जारी गरी पाऊँ ।

मनाङका इन्भेष्टमेन्ट प्रा.लि. ------------------------------------------ | निवेदक

विरुद्ध

नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड समेत --------------------------- | विपक्षी

यस अदालतबाट मिति २०७५।५।३ मा जारी भएको यथास्थितिमा राख्ने आदेशलाई निरन्तरता दिनु पर्ने नपर्ने सम्बन्धमा छलफको निम्ती पेश हुन आएको प्रस्तुत निवेदन व्यहोरा र माग गरिएका अन्य मिसिल कागजात अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ताहरु श्री सोमनाथ सापकोटा, श्री मेघराज पोखरेल,श्री गोपाल दत्त पाण्डे, श्री बालकृष्ण ढकाल, श्री ज्ञानेन्द्र बहादुर कुंवर, श्री विमल सुवेदी र विपक्षी बैंक समेतको तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताहरु श्री शंभु थापा,श्री तुलसी भट्ट,श्री रमन कुमार श्रेष्ठ, श्री रामकृष्ण निराला,श्री विजयकान्त मैनाली, श्री गोपालकृष्ण घिमिरे एवं विद्वान अधिवक्ताहरु श्री रुद्र प्रसाद पोखरेल,श्री सुनिल पोखरेल,श्री कपिल ज्ञवाली, श्री गोविन्द शर्मा बन्दी,श्री हिरा रेग्मी र प्रतिरक्षाको निम्ती सामेल हुन आउनु भएका त्रावा हाउजिङ प्रा.लि.समेतका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरु श्री केदार प्रसाद कोइराला, श्री मेजर थापा तथा श्री रुद्र प्रसाद नेपालले गर्नु भएको बहस समेत सुनियो ।

यसमा, निवेदकको माँग बमोजिम मिति २०७५/०४/१५ को विपक्षीद्वारा प्रकाशित सूचनामा उल्लेख भए बमोजिमको काम कारवाही अगाडी नबढाई यथास्थितिमा राख्नु पर्छ पर्दैन भन्ने सम्बन्धमा विचार गर्दा एन बि ग्रुप प्रा.लि. नेपाल समेतका ५ निवेदकले दायर गरेको उत्प्रेषणयुक्त परमादेश (०७३-wo-०८७८) को निवेदनमा यस अदालतको एक न्यायाधीशको इजलासले "एपेक्स डेभलपमेन्ट बैंक लिमिटेडको हिसाब सामेल गरी कुनै काम कारवाही अगाडी नबढाउनु, हिसाब अलग राख्नु" भनी मिति २०७४/०१/२८ मा जारी गरेको अन्तरिम आदेशलाई संयुक्त इजलासबाट मिति

२०७४/०२/०९ मा निरन्तरता दिएको देखिएको र एन.सी.सी. बैंकको १९ औं साधारण सभाको निर्णयबाट एपेक्स डेभलपमेन्ट बैंकको हिसाब अलग राखिएको भन्ने देखिन आयो । यस अदालतमा निवेदन दर्ता गर्ने ०७३-WO-०८७८ का पाँचै जना निवेदकले यस अदालतबाट जारी भएको उल्लेखित अन्तरिम आदेशलाई उल्लेख गर्दै विपक्षी एन.सी.सी. बैंक लि. समेतले मिति २०७५/०४/१६ मा प्रकाशित हकप्रद शेयर सम्बन्धी सुचना यथास्थितिमा राख्न अन्तरिम आदेशको माग सहित श्री सर्वोच्च अदालतमा मिति २०७५/०४/२३ मा दायर गरेको उत्प्रेषणयुक्त परमादेशको निवेदनमा (०७५-WO-०१२२) निवेदकलाई अपुरणनीय क्षति पुग्ने अवस्था देखिन नआएकोले माग बमोजिम अन्तरिम आदेश जारी गर्न मिलेन भनी २०७५/०४/२५ मा आदेश भएको देखियो ।

यसरी प्रस्तुत निवेदनका निवेदक ०७३-WO-०८७८ को निवेदनमा निवेदक नरहेका र उक्त निवेदनका निवेदकले प्रस्तुत निवेदनमै उठाएका विषयमा हकप्रद शेयर रोक्का राखी पाउँ भनी दायर भएको निवेदनमा श्री सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी भएको नदेखिएको, यस अदालतको आदेश पश्चात विपक्षी बैंकबाट एपेक्स डेभलपमेन्ट बैंकको हिसाब छुट्टै राखेको भनी निर्णय गरेको देखिएको, निवेदकलाई हकप्रद शेयरमा सामेल हुन कुनै अवरोध नभएको एवम एपेक्स डेभलपमेन्ट बैंकको छुट्टै हिसाब रहेको भन्ने देखिएको अवस्थामा कम्पनी ऐन, २०६३ को दफा १३९ बमोजिम दायर भएको प्रस्तुत निवेदन र यस अदालतबाट विभिन्न मितिमा जारी भएका आदेश र सर्वोच्च अदालतबाट समेत मिति २०७५/०४/२५ मा जारी भएको आदेशलाई सम्मान गर्दै विपक्षीबाट आगामि दिनमा साधारण सभाबाट आफ्नो शेयर होल्डरका हक हितमा काम कारवाही हुने तर्फ यो इजलास विश्वस्त भएको र प्रस्तुत निवेदनको अन्तिम टुंगो लाग्दाको अवस्थामा मागका विभिन्न पहलुमा विचार हुने नै हुँदा निवेदकको माग बमोजिम हालकै अवस्थामा अन्तरिम आदेश जारी गर्नु पर्ने अवस्थाको विद्यमानता नदेखिँदा यस अदालतबाट मिति २०७५/०५/०३ मा जारी भएको आदेशलाई निरन्तरता दिनु परेन । कानून बमोजिम गर्नु ।—

न्यायाधीश                                                  मुख्य न्यायाधीश

इति सम्वत् २०७५ साल भाद्र महिना ८ गते रोज ६ शुभम् ..........................................।